# लघुवित्त वित्तीय संस्थाहरुको बार्षिक स्थिति

(आर्थिक वर्ष २०७७/७८ को चौथो त्रयमास - २०७८ असारमसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

## नेपाल राष्ट्र बैंक

### लघुवित्त संस्था सुपरिवेक्षण विभाग

भाद्र, २०७८

# लघुवित्त वित्तीय संस्थाहरुको बार्षिक स्थिति

## १. लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति :


लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति का कारणले घट्दो क्रममा रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारी नै रहेको छ । २०७७असार मसान्तमा ८४ वटा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७८ असार मसान्तमा उक्त संख्या घटी ७०कायम भएको छ । ७०वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये आरएमडिसी लघुवित्त, साना किसान लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ६६ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असारको तुलनामा १७.११ प्रतिशतले वृद्धि भई २०७८असार मसान्तमा ४६२१ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या १६.७१ प्रतिशतले वृद्धि भई ३ लाख ६३ हजार, सदस्य संख्या १०.७६ प्रतिशतले वृद्धि भई ५१ लाख ९१ हजार, ऋणी संख्या ७.५१ प्रतिशतले वृद्धि भई २९ लाख ९२ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा २० हजार ८ सय ७२ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७७ असारमसान्तको तुलनामा ९.७५ प्रतिशतले बढी रहेको देखिन्छ । (तालिका १)

**तालिका १:लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| कुल संस्था संख्या | ९० | ८४ | ७० | -६.६७ | -१६.६७ |
| कुल शाखा संख्या | ३५४७ | ३९४६ | ४६२१ | ११.२५ | १७.११ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | २७४ | ३११ | ३६३ | १३.५० | १६.७१ |
| कुल समूह संख्या (हजारमा) | ९२७ | १०४० | ११८३ | १२.१९ | १३.७८ |
| कुल सदस्य संख्या (हजारमा) | ४३३१ | ४६८७ | ५१९१ | ८.२२ | १०.७६ |
| कुल ऋणी संख्या (हजारमा) | २६८१ | २७८३ | २९९२ | ३.८० | ७.५१ |
| कुल कर्मचारी संख्या | १७३६२ | १९०१७ | २०८७२ | ९.५३ | ९.७५ |
| राष्ट्रिय स्तरका संस्था* | ४१ | ४४ | ४७ | ७.३२ | ६.८२ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ४९ | २५ | ८ | -४८.९८ | -६८.०० |
| प्रादेशिकस्तरका संस्था | | १५ | १५ | | |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*


चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. **प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा:**

प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा लुम्बिनीप्रदेशमा रहेको देखिन्छ । २०७८ असार मसान्तमा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाहरुको १०७५ वटा शाखा संचालनमा रहेका छन् । तत्पश्चात् लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेश नं.२ मा ९५७ वटा शाखा संचालनमा रहेका छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा १९८ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा



## ३. पुँजीकोष :

**१. लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७७ को निर्देशन नं.१ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४.० प्रतिशत र ८.० प्रतिशत कायम गर्नु पर्ने व्यवस्था रहेको छ । २०७८असार मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.५३ प्रतिशत र १२.५९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी १५.०९ प्रतिशतले र जोखिम भारित सम्पति ३८.१२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पति क्रमश २५.८७ प्रतिशत र १६.३९ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २ः पुँजीकोष सम्बन्धी विवरण**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| चुक्ता पुँजी | १,७०७.७८ | २,१४९.५३ | २,४७३.९८ | २५.८७ | १५.०९ |
| प्राथमिक पुँजी | २,९९४.९६ | ३,५११.७३ | ४,५७३.८५ | १७.२५ | ३०.२५ |
| पुँजी कोष | ३,२२२.८९ | ३,८२०.५१ | ४,९९६.३५ | १८.५४ | ३०.७८ |
| जोखिम भारित सम्पत्ति | २४,६७५.७४ | २८,७२०.२८ | ३९,६६९.८८ | १६.३९ | ३८.१२ |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.१४** | **१२.२३** | **११.५३** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.०६** | **१३.३०** | **१२.५९** | | |

## ४. वित्तीय स्रोत संकलन :

**४.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकम बढाएका छन् ।**

उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत सापटी मात्र रहेको छ ।२०७८ असार मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले रु.४१ अर्ब ३७ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन अघिल्लो आर्थिक वर्ष २०७६/७७ को ९.९३ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक बर्ष २०७७/७८ मा २०.५०प्रतिशतले बढेको छ । २०७८ असार मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.७४ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| (क) निक्षेप | ० | – | – | ० | ० |
| (ख) सापटी | ३,१२३.४५ | ३,४३३.६२ | ४,१३७.४२ | ९.९३ | २०.५० |
| **कुल वित्तीय स्रोत संकलन** | ३,१२३.४५ | ३,४३३.६२ | ४,१३७.४२ | ९.९३ | २०.५० |
| प्राथमिक पुँजी(अघिल्लो त्रयमास) | ५४७.४६ | ६२४.०६ | ७२०.३८ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ५.७१ | ५.५० | ५.७४ | | |

**४.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले पनि निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७८ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. १ खर्ब ३० अर्ब ४३ करोड र सापटी रू. १ खर्ब ६५ अर्ब ९७ करोड गरी जम्मा रू. २ खर्ब ९६ अर्ब ४० करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा क्रमश २३.९६ र १३.१३प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०७७/७८ को निक्षेप संकलन र प्राप्त सापटी रकममा क्रमश २२.८७ र ५४.०४ प्रतिशतले बढेको छ । आर्थिक बर्ष २०७७/७८ मालघुवित्त वित्तीय संस्थाहरुकोपुनरकर्जा सुविधा अन्तर्गतको सापटी रकममा वृद्धि भएको कारण सापटी रकममा उल्लेख्य वृद्धि भएको हो । २०७८ असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुकोवित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ८.३७ गुणासम्म पुगेको छ (तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(३)*१०० |
| (क) निक्षेप | ८,५६३.१९ | १०,६१५.०२ | १३,०४२.५४ | २३.९६ | २२.८७ |
| (ख) सापटी | ९,५२४.७७ | १०,७७५.६० | १६,५९७.४९ | १३.१३ | ५४.०३ |
| **कुल वित्तीय स्रोत संकलन** | **१८,०८७.९६** | **२१,३९०.६२** | **२९,६४०.०३** | १८.२६ | ३८.५७ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | २,१२६.१७ | २,७८३.८३ | ३,५४२.७१ | | |
| वित्तीय स्रोत संकलन/ प्राथमिक पुँजी अनुपात(गुणा) | **८.५१** | **७.६८** | **८.३७** | | |

## ५. कर्जा तथा सापट

**५.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा र निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ ।** थोक कर्जा प्रदायकलघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम अघिल्लो आर्थिक बर्ष २०७६/७७ मा ३.१३ प्रतिशतले बढेकोमा यस आर्थिक बर्ष २०७७/७८ मा २७.०३ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तसम्ममारु.४८ अर्ब १९ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७७/७८ को कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. २१ करोड अर्थात ०.४४ प्रतिशत मात्र रहेको छ । २०७७ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.४० प्रतिशत र २०७५ असार मसान्तमा यस्तो अनुपात ०.०४ प्रतिशत मात्र रहेको थियो । यस आर्थिक बर्षमा निष्क्रिय कर्जाको वृद्धिदर ३७.०५ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर २६.९८ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा क्रमश ८९५.१३ प्रतिशत र २.७५ प्रतिशत रहेको थियो(तालिका ४) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जा | ३,६७७.३१ | ३,७७८.५९ | ४,७९८.२२ | २.७५ | २६.९८ |
| निष्क्रिय कर्जा | १.५४ | १५.३२ | २१.०० | ८९५.१३ | ३७.०५ |
| **कुल कर्जा तथा सापट** | **३,६७८.८५** | **३,७९३.९१** | **४,८१९.२२** | **३.१३** | **२७.०३** |
| निष्क्रिय कर्जा अनुपात | **०.०४** | **०.४०** | **०.४४** | | |

५.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ ।** खुद्राकर्जा प्रदायकलघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम अघिल्लो आर्थिक बर्ष २०७६/७७मा१३.३२ प्रतिशतले बढेकोमा यस आर्थिक बर्ष २०७७/७८ मा ४१.१८ प्रतिशतले बढी २०७८ असार मसान्तसम्ममा रू. ३ खर्ब १७ अर्ब ३६ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७७/७८ को कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ९ अर्ब ४३ करोड अर्थात २.९७ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा निष्कृय कर्जाको अनुपात २.३४ प्रतिशत रहेको थियो भने २०७६ असार मसान्तमा यस्तो अनुपात १.१८ प्रतिशत रहेको थियो । यस आर्थिक बर्षमा निष्क्रिय कर्जाको वृद्धिदर ७९.४७ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर ४०.२६ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा क्रमश १२४.०१ प्रतिशत र १२ प्रतिशत रहेको थियो (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा )**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जा | १९,६०१.९४ | २१,९५३.८९ | ३०,७९३.२३ | १२.०० | ४०.२६ |
| निष्क्रिय कर्जा | २३४.५५ | ५२५.४२ | ९४२.९५ | १२४.०१ | ७९.४७ |
| **कुल कर्जा तथा सापट** | **१९,८३६.४९** | **२२,४७९.३१** | **३१,७३६.१८** | **१३.३२** | **४१.१८** |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **२.३४** | **२.९७** | | |

## ६. क्षेत्रगत कर्जा :

**समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जाको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७८ असार मसान्तमा रु. ३ खर्ब ६५ अर्ब ५५करोड मध्ये रु. १ खर्ब ६३ अर्ब ८६ करोड अर्थात ४४.८२ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७७ असार मसान्तमा कृषि क्षेत्रमा रु. १खर्ब १० अर्ब ७८ करोड अर्थात ४२.१६ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७७/७८ मा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.३३ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३१.२४ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ (तालिका ७)।

### तालिका ७: कर्जा तथा सापटको क्षेत्रगतवर्गीकरण

*(रु.करोडमा)*

| कर्जा विवरण | २०७७ असार (रु.करोडमा) | २०७७ असार (प्रतिशत) | २०७८ असार (रु.करोडमा) | २०७८ असार (प्रतिशत) |
|---|---|---|---|---|
| कृषि | ११,०७७.९७ | ४२.१६ | १६,३८५.५५ | ४४.८२ |
| घरेलु तथा लघु उद्योग | ७५५.५८ | २.८८ | १,२१६.६९ | ३.३३ |
| सेवा व्यवसाय | ८,८६९.४७ | ३३.७६ | ११,४२१.२७ | ३१.२४ |
| थोक कर्जा | ३,७९३.९१ | १४.४४ | ४,८१९.२२ | १३.१८ |
| अन्य | १,७७६.२९ | ६.७६ | २,७१२.६७ | ७.४२ |
| **जम्मा** | **२६,२७३.२३** | **१००.००** | **३६,५५५.४०** | **१००.००** |

## ७ कर्जा नोक्सानी व्यवस्था :

७.१ **समीक्षा अवधिमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** आर्थिक वर्ष २०७७/७८ माथोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा ३२.८६ प्रतिशतले बढेर रू.९७ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु.१८ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ५४.९० प्रतिशतले बढेको थियो(तालिका ८)।

### तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ४५.६७ | ५८.५९ | ७८.८३ | २८.२८ | ३४.५६ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १.४५ | १४.४० | १८.१४ | ८९३.३८ | २५.९३ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **४७.१२** | **७२.९९** | **९६.९७** | **५४.९०** | **३२.८६** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.२८** | **१.९२** | **२.०१** | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको समीक्षा अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** आर्थिक वर्ष २०७७/७८ माखुद्राकर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा ४१.७८ प्रतिशतले बढेर रू. ९ अर्ब ७९ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. ४ अर्ब ८७ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ९५.०४ प्रतिशतले बढेको थियो (तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

*रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १८३.७३ | ३८२.७५ | ४९२.०४ | १०८.३२ | २८.५५ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १७०.३१ | ३०७.७८ | ४८७.०२ | ८०.७२ | ५८.२४ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३५४.०४** | **६९०.५३** | **९७९.०६** | **९५.०४** | **४१.७८** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७८** | **३.०७** | **३.०९** | | |

८. **समीक्षा अवधिमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अंश बढेको छ भने लघु व्यवसाय कर्जाको अंशमा सामान्य ह्रास आएको छ ।** २०७८ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १९.१२ प्रतिशत रहेको छ भने उक्त अनुपात अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा १८.५३ प्रतिशत मात्र रहेको थियो । लघु व्यवसाय कर्जाको अंश २०७७ असार मसान्तमा ७५.८२ प्रतिशत रहेकोमा २०७८ असारमा ७३.७६ प्रतिशत रहेको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/ (२)*१०० |
|---|---|---|---|---|---|
| धितो कर्जा | ३,३१३.४२ | ४,१६४.४३ | ६,०६७.८५ | २५.६८ | ४५.७१ |
| लघु व्यवसाय कर्जा | १५,३०७.५६ | १७,०४२.७४ | २३,४०७.५७ | ११.३४ | ३७.३५ |
| अन्य कर्जा | १,२१५.५१ | १,२७२.१४ | २,२६०.७७ | ४.६६ | ७७.७१ |
| कुल कर्जा तथा सापट | १९,८३६.४९ | २२,४७९.३१ | ३१,७३६.१८ | १३.३२ | ४१.१८ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१६.७०** | **१८.५३** | **१९.१२** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **७७.१७** | **७५.८२** | **७३.७६** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **६.१३** | **५.६६** | **७.१२** | | |

९. **लगानी :**

**समीक्षा अवधिमालघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७८ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १४ अर्ब ७१ करोड पुगेको छ, जुन २०७७ असारको तुलनामा ४४.२५ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल लगानी २९६.२९ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले यस आर्थिक बर्षमा मुद्धत्ती निक्षेपमा गरेको लगानी र अन्य लगानी (ग्राहक संरक्षण कोषको खर्च नभएको रकम रकम लगायतका अन्य लगानी) ठूलो दरले बढेको छ । लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा लघुवित्त वित्तीय संस्थाहरूले २०७८ असारसम्म रु. १३ अर्ब ३५ करोड राखेका छन् जुन रकम २०७७

असारको तुलनामा ४१.४२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा मुद्धती निक्षेपमा राखेको रकम ५२४.५५ प्रतिशतले बढेको थियो (तालिका ११) ।

**तालिका ११: लगानी विवरण**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ३०.९९ | ४६.५६ | ५५.७३ | ५०.२३ | १९.७१ |
| शेयर तथा डिवेन्चर | २४.९९ | २४.२१ | १३.२६ | (३.१०) | (४५.२५) |
| मुद्दती निक्षेप | १५१.११ | ९४३.७६ | १३३४.७१ | ५२४.५५ | ४१.४२ |
| अन्य लगानी | ५०.२८ | ५.४१ | ६७.५५ | (८९.२५) | ११४९.५७ |
| **जम्मा लगानी** | **२५७.३७** | **१०१९.९४** | **१४७१.२५** | **२९६.२९** | **४४.२५** |

## १० जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति :

**लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति वृद्धिभएको छ** । २०७८ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ४ खर्ब ३४ अर्ब ७४ करोड पुगेको छ । यो २०७७ असार मसान्तको रु. ३ खर्ब १७ अर्ब ५२ करोडको तुलनामा ३६.९२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल सम्पत्ति १८.०१ प्रतिशतले बढेको थियो । २०७८ असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९१.२५ प्रतिशत रहेको छ जुन २०७७ असार मसान्तमा ९०.४५ प्रतिशत रहेको थियो । (तालिका १२)।

**तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| कुल सम्पत्ति | २६,९०५.०७ | ३१,७५१.८८ | ४३,४७३.६८ | १८.०१ | ३६.९२ |
| जोखिम भारित सम्पत्ति | २४,६७५.७४ | २८,७२०.२८ | ३९,६६९.८८ | १६.३९ | ३८.१२ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९१.७१** | **९०.४५** | **९१.२५** | | |

## ११. मुनाफा स्थिति :

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा सामान्य वृद्धि भएको छ** । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ मा ब्याज आम्दानी रु. ३ अर्ब ६२ करोड र ब्याज खर्च रु. १ अर्ब ४७ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. १ अर्ब ७ करोड खुद मुनाफा आर्जन गरेका छन् । अघिल्लो आर्थिक बर्षमा खुद मुनाफा रु. १ अर्ब ५ करोड रहेको थियो । (तालिका १३) ।

**तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| ब्याज आम्दानी | ५२७.८० | ४५२.८९ | ३६१.५१ | -१४.१९ | -२०.१८ |
| ब्याज खर्च | ३५४.१८ | २५२.५७ | १४७.३३ | -२८.६९ | -४१.६७ |
| संचालन आम्दानी | १८६.३७ | २१०.८२ | २२४.२९ | १३.१२ | ६.३९ |
| खूद नाफा/नोक्सान | १०२.०६ | १०५.२६ | १०६.६९ | ३.१३ | १.३६ |

११.२ **समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद नाफामा अघिल्लो आर्थिक वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ ।Net interest Inome मा उल्लेख्य वृद्धि भएको र गत वर्ष CIC Provision बापत गरेकोकर्जा नोक्सानी व्यवस्थाको रकम फिर्ता (Writeback) लगायतका कारणले गर्दा** लघुवित्त वित्तीय संस्थाहरुको नाफामा उल्लेख्य वृद्धि भएको देखिन्छ। खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ मा ब्याज आम्दानी रु. ४१ अर्ब ६९ करोड र ब्याज खर्च रु. १६ अर्ब ८१ करोड रहेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. १० अर्ब ७६ करोड खुद मुनाफा आर्जन गरेका छन् । अघिल्लो आर्थिक बर्षमा खुद मुनाफा रु.४ अर्ब २९करोड रहेको थियो (तालिका १४)। यस अवधिमा सञ्चालित ६६ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ३ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ।

२०७८ असार मसान्तमा घोडीघोडा लघुवित्त वित्तीय संस्था लि., बुद्वज्योती लघुवित्त वित्तीय संस्था लि.र खप्तड लघुवित्त वित्तीय संस्था लि.खुद नोक्सानीमा रहेको देखिन्छ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| ब्याज आम्दानी | २,७६४.९३ | ३,६६३.७७ | ४,१६८.८१ | ३२.५१ | १३.७८ |
| ब्याज खर्च | १,४२०.७७ | १,९३४.१६ | १,६८०.६१ | ३६.१३ | -१३.११ |
| संचालन आम्दानी | १,८११.९४ | २,१६३.३४ | ३,१३८.९५ | १९.३९ | ४५.१० |
| खूद नाफा/नोक्सान | ५४२.६७ | ४२९.४६ | १,०७५.९२ | -२०.८६ | १५०.५३ |

## १२ तरलता स्थिति :

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पतिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७८ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७७ असारको तुलनामा ४३.७१ प्रतिशतले ह्रास भई रु. ३ अर्ब ६८ करोड पुगेको छ ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

*(रू. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| नगद | २.७१ | ३.७६ | ४.५४ | ३८.६१ | २०.८८ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ७६.९४ | ८४.३८ | ९४.९३ | ९.६७ | १२.५० |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ४७७.४० | ५१८.७० | २१२.५७ | ८.६५ | -५९.०२ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३०.९९ | ४६.५६ | ५५.७३ | ५०.२३ | १९.७१ |
| **कुल तरल सम्पत्ति** | **५८८.०४** | **६५३.३९** | **३६७.७८** | **११.११** | **-४३.७१** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २,४१८.५१ | ३,०८९.९० | ३,७२०.५० | २७.७६ | २०.४१ |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,१७२.८९ | १,१५०.९४ | १,२७४.२७ | -१.८७ | १०.७२ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२४.३** | **२१.१५** | **९.८९** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी(प्रतिशत) | **१६.३७** | **१५.४१** | **७.३६** | | |
| वैधानिक तरलता अनुपात | **४.३** | **४.३१** | **४.२५** | | |
| अनिवार्य मौज्दात अनुपात | **२.५५** | **२.७१** | **२.४५** | | |

२०७८असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ९.८९ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यस्तो अनुपात २१.१५ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८असार महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपातक्रमश: ४.२५प्रतिशत र २.४५प्रतिशत रहेको छ (तालिका १५) । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढि नैं रहेको छ ।

१२.२ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा सामान्य वृद्धि भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ असार मसान्तमा तरल सम्पत्ति २०७७ असारको तुलनामा ३.५२ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब १७ करोड पुगेको छ । २०७८ असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात २७.९६ प्रतिशत रहेको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ असार महिनाको अनिवार्य मौज्दात अनुपात औषतमा ०.५५ प्रतिशत रहेको छ (तालिका १६) । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

*(रू. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७७ असार (२) | २०७८ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१)*१०० | (३-२)/(३)*१०० |
| नगद | १८.६९ | ३४.१९ | ४७.५७ | ८२.९४ | ३९.१२ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४६.०३ | ५५.११ | ७१.४० | १९.७४ | २९.५५ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | १,३०८.९२ | २,३४१.८४ | २,३९७.८३ | ७८.९१ | २.३९ |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | **१,३७३.६४** | **२,४३१.१४** | **२,५१६.८०** | **७६.९९** | **३.५२** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ५,३२१.९२ | ७,३१४.०० | ९,०००.३३ | ३७.४३ | २३.०६ |
| कुल सापटी (अघिल्लो त्रयमास) | १०,६६५.४५ | १३,३५६.५७ | १९,०७१.६६ | २५.२३ | ४२.७९ |
| तरल सम्पत्ति/कुल निक्षेप (प्रतिशत) | **२५.८१** | **३३.२४** | **२७.९६** | | |
| तरल सम्पत्ति/कुल निक्षेप तथा सापटी (प्रतिशत) | **८.५९** | **११.७६** | **८.९७** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.६७** | **०.७८** | **०.५५** | | |

## १३. कोभिड–१९ को संक्रमणबाट लघुवित्त वित्तीय संस्थाहरुमा परेको प्रभाव

विश्वव्यापि महामारीको रुपमा रहेको कोभिड–१९ को पहिलो तथा दोस्रो लहरका कारण विश्व अर्थतन्त्र नै प्रभावित बनेको सन्दर्भमा लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन भने २०७७असारमा रु.१ खर्ब ६ अर्ब १५ करोड रहेकोमा २०७७ असोज मसान्तमा सामान्य वृद्धि भई रु.१ खर्ब १४ अर्ब ५५ करोड पुगेको छ । त्यसैगरी २०७७ पुस मसान्तमा कुल निक्षेप संकलन केही वृद्धि भई रु.१ खर्ब २० अर्ब ६ करोड पुगेकोमा २०७७ चैत्र मसान्तमा रु १ खर्ब २७ अर्ब २१ करोड देखिन्छ भने २०७८ असार मसान्तमा रु १ खर्ब ३० अर्ब ४३ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७७/७८ मा निक्षेपको औषत त्रैमासिक वृद्दिदर ५.३० प्रतिशत रहेको छ ।

लघुवित्त वित्तीय संस्थाहरुको कर्जा प्रवाह २०७७ असार मसान्तमा रु २ खर्ब ६२ अर्ब ७३ करोड रहेकोमा २०७७ असोज मसान्तमा सामान्य वृद्दि भई २ खर्ब ८३ अर्ब ६८ करोड पुगेको छ । त्यसैगरी २०७७ पुस मसान्तमा कर्जा प्रवाह रु ३ खर्ब २२ अर्ब १५ करोड रहेकोमा २०७७ चैत्र मसान्तमा रु ३ खर्ब ५७ अर्ब ९५ करोड पुगेको देखिन्छ भने २०७८ असार मसान्तमा नगन्य वृद्दि भई ३ खर्ब ६५ अर्ब ५५ करोड पुगेको छ । आर्थिक बर्ष २०७७/७८ मा कर्जाको औषत त्रैमासिक वृद्दिदर ८.६९प्रतिशत रहेको छ ।

२०७७ असार मसान्तमा ९वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेकोमा २०७८असार मसान्तमा उक्त संख्या घटेर ३ वटामा सिमित हुन पुगेको छ । (तालिका १७)

## तालिका १७: लघुवित्त संस्थाहरुको प्रमुख वित्तीय स्थिति विवरण (त्रयमासिक)

| | | | | | | फरक ( %) | फरक (%) | फरक (%) | फरक ( % ) |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७७ असार | २०७७ असोज | २०७७ पुस | २०७७ चैत्र | २०७८ असार | असार–असोज | असोज-पुस | पुस- चैत्र | चैत्र- असार |
| **चुक्ता पूँजी** | २,१४९.५३ | २,१९७.६९ | २,३२७.१३ | २,४२४.५१ | २,४७३.९८ | २.२४ | ५.८९ | ४.१८ | २.०४ |
| **पुजीकोष** | ३,८२०.५१ | ४,०२९.२९ | ४,३१७.७० | ४,६२२.९९ | ४,९९६.३५ | ५.४६ | ७.१६ | ७.०७ | ८.०८ |
| **निक्षेप** | **१०,६१५.०२** | **११,४५४.५४** | **१२,००६.२२** | **१२,७२०.८३** | **१३,०४२.५४** | ७.९१ | ४.८२ | ५.९५ | २.५३ |
| **सापटी** | **१४,२०९.२३** | **१५,९५४.१८** | **१७,७७५.४६** | **२०,३४५.९३** | **२०,७३४.९१** | १२.२८ | ११.४२ | १४.४६ | १.९१ |
| क. नेपाल राष्ट्र बैंकबाट सापटी | ०.८२ | ०.८२ | ०.४५ | ३४६.८२ | ४१०.५८ | - | (४५.१२) | ७६,९७१.५९ | १८.३८ |
| ख. अन्य सापटी | १४,२०८.४१ | १५,९५३.३६ | १७,७७५.०१ | १९,९९९.१० | २०,३२४.३३ | १२.२८ | ११.४२ | १२.५१ | १.६३ |
| **कूल तरल सम्पत्ति** | **४,०२८.५०** | **४,६५७.०८** | **३,८४३.५९** | **३,८६३.२७** | **४,२१९.४९** | १५.६० | (१७.४७) | ०.५१ | ९.२२ |
| क. नगद मौज्दात | ३७.९५ | ४१.४४ | ४१.१७ | ३१.२६ | ५२.११ | ९.२० | (०.६५) | (२४.०७) | ६६.७० |
| ख. बैंक मौज्दात | १,६८७.२९ | १,९८४.१० | १,१६९.०८ | १,६०५.०८ | १,७५०.७१ | १७.५९ | (४१.०८) | ३७.२९ | ९.०७ |
| ग. मागेको बखत प्राप्त हुने रकम | १,३१२.७४ | १,३३५.३७ | १,०४१.९४ | ८९६.२८ | १,०२६.०२ | १.७२ | (२१.९७) | (१३.९८) | १४.४८ |
| घ. ऋणपत्रमा लगानी | ४६.७६ | ४६.५९ | ६०.४९ | ५८.५२ | ५५.९३ | (०.३६) | २९.८३ | (३.२५) | (४.४३) |
| ङ. मुद्दती निक्षेपमा गरेको लगानी | ९४३.७६ | १,२४९.५८ | १,५३०.९२ | १,२७२.१२ | १,३३४.७१ | ३२.४० | २२.५१ | (१६.९०) | ४.९२ |
| **कूल कर्जा तथा सापट** | **२६,२७३.२२** | **२८,३६७.६९** | **३२,२१५.४३** | **३५,७९५.४४** | **३६,५५५.४०** | ७.९७ | १३.५६ | ११.११ | २.१२ |
| क. संस्थागत | ३,७९३.९१ | ३,६४२.०४ | ४,०७९.८८ | ४,६३३.६७ | ४,८१९.२२ | (४.००) | १२.०२ | १३.५७ | ४.०० |
| ख. व्यक्तिगत | २२,४७९.३१ | २४,७२५.६५ | २८,१३५.५५ | ३१,१६१.७८ | ३१,७३६.१८ | ९.९९ | १३.७९ | १०.७६ | १.८४ |
| **व्याज मुल्तवी हिसाव** | **३९७.६५** | **३९५.४९** | **३६४.४३** | **४२३.७५** | **४१७.५६** | (०.५४) | (७.८५) | १६.२८ | (१.४६) |
| **असुल गर्न बाँकी व्याज** | **४०३.९१** | **३९९.८६** | **३६९.१६** | **४३१.६५** | **४१८.९६** | (१.००) | (७.६८) | १६.९३ | (२.९४) |
| **नाफा/नोक्सान** | **५३४.७२** | **१४१.४६** | **५१६.२२** | **८८१.२७** | **१,१८२.६१** | (७३.५५) | २६४.९२ | ७०.७२ | ३४.१९ |
| **नोक्सानमा रहेका संस्था संख्या** | **९.००** | **१२.००** | **२.००** | **२.००** | **३.००** | ३३.३३ | (८३.३३) | - | ५०.०० |
| **कर्जा नोक्सानि व्यवस्था** | **७६३.५२** | **८८६.६०** | **९८३.३४** | **९६९.४९** | **१,०७६.०४** | १६.१२ | १०.९१ | (१.४१) | १०.९९ |
| **जोखिम भारीत सम्पत्ति** | **२८,७२०.२८** | **३१,१४१.५४** | **३५,०२५.६४** | **३८,८७२.१८** | **३९,६६९.८८** | ८.४३ | १२.४७ | १०.९८ | २.०५ |
| **कूल सदस्य संख्या** | **४,६८६,६०९.००** | **४,८८६,८८१.००** | **४,९२८,०८७.००** | **५,११८,६९०.००** | **५,१९१,३६३.००** | ४.२७ | ०.८४ | ३.८७ | १.४२ |
| **कुल ऋणि संख्या** | **२,७८३,१२९.००** | **२,८८८,६०३.००** | **२,८५५,४५८.००** | **२,९८१,२३६.००** | **२,९९२,०६८.००** | ३.७९ | (१.१५) | ४.४० | ०.३६ |
| **कुल शाखा संख्या** | **३,९४६.००** | **४,०१८.००** | **४,२१८.००** | **४,४८८.००** | **४,६२१.००** | १.८२ | ४.९८ | ६.४० | २.९६ |
| **पुजीकोष प्रतिशत** | **१३.३०** | **१२.९४** | **१२.३३** | **११.८९** | **१२.५९** | (२.७१) | (४.७१) | (३.५५) | ५.८६ |